# आनन्द-शतक

लक्ष्मीप्रसाद देवकोटा

# आनन्द-शतक

(काव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०३९

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (मैना)
*संस्करण* : पहिलो २०३९
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-06-13, 22:55:57 UTC
*Latest minor Correction* : 2026-06-13, 22:55:57 UTC
*Sahityaras ebook id* : 20260613225557

**Cover art**
*Aananda-shataka book cover*
by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*सम्पादकीय*

आनन्द-शतक

# सम्पादकीय

शतक-परम्परामा तर भावाभिव्यक्तिका नवीन सचेतताका साथ प्रस्तुत यो 'आनन्द-शतक' पनि देवकोटाद्वारा बनारस-प्रवास-काल (२००४-६ ) मै रचना रचिएको हो। सम्बन्धित पाण्डुलिपिअनुसार यसको नाउँ हो– 'आनन्द-कवियात-शतसा' त्यसलाई छोटकरीमा 'आनन्दशतक' भन्ने सरल नामले यहाँ पेश गरिएको छ। प्रस्तुत काव्य उमर खैयामका रुबाइयात (रूबाइहरू)– बाट उत्प्रेरित भएको बुझिन्छ। देवकोटाका 'कवियात' सँग 'रुबाइयात' को सम्बन्ध रहेको अनुभव हुन्छ। यस 'आनन्द-शतक' वा 'आनन्द-शतसा' मा पनि भुजङ्गप्रयात छन्दका स्वच्छन्द प्रवाहमा बग्ने त्यही चतुष्पदी-स्वरूप देखापर्छ जसलाई 'रूबाइयात' वा 'कवियात' भन्न खोजिएको छ।

प्रस्तुत काव्यमा देवकोटाको लयचेतना भाषाको लेख्य स्वरूपसँग नभई उच्चार्य स्वरूपसँग जोडिएको छ। त्यसैले काव्यकार देवकोटाले भाषाको उच्चार्य रूपमै लयविधान गरेझैं वाचक वा पाठकले पनि लय-अनुसरण गर्नुपर्ने कुरा यहाँ उल्लेखनीय छ।

यो काव्य भुजङ्गप्रयात छन्दका द्रुततर नर्तनसँगै चतुष्पदीका रूपमा गीतिमय भई स्वच्छन्द किसिमले बगेको छ। प्रकृतिको शाश्वत मधुशालामा सौन्दर्यको मदिरा पिई-पिई आनन्दको निरन्तरताको अनुभव गर्ने खैयामेली कवि-चेतना यहाँ पनि प्रवाहित छ। यही परिप्रेक्ष्यमा उदयदेखि अस्तसम्मको प्राकृतिक उत्प्रेक्षण र जीवन-जगत्को सूक्ष्म पर्यवेक्षण गर्ने क्रममा यस काव्यमा देवकोटाको कल्पना-शक्तिले नवीन बेजोड भाव-

बिम्बहरूको द्रुततर प्रक्षेपण गरेको छ र त्यो विलक्षण पनि छ। जीवन-जगत्को शाश्वत आनन्दमयताको यही विलक्षण अभिव्यक्ति नै यस काव्यको मूल प्राप्ति हो।

–सम्पादक

डा० वासुदेव त्रिपाठी

प्रा० ठाकुरप्रसाद पराजुली

# आनन्द-शतक

(१)

जहाँ दिन बचेरो उघारेर आँखा।
पहीलो "चिचींमा रुँदै शीत दाना ॥
लपेटिन्छ संसारले दुःख नाना।
हवा भैं बहन्छन् भभल्काइ शाखा ॥

(२)

यही मिर्मिरे सेतो-कालो रछायाँ।
मिही तिर्मिरे चक्षुको विश्व दृश्य ॥
चरी-आँख यो जिन्दगी हो अवश्य।
यहाँ एक तारा छ आँसू सिवाय ? ॥

(३)

भरी अग्निले तप्त छाती हिंडेकी।
नटुवी फूलारु धरा हाँस्नुपर्छ ॥
जहाँ सुख्ख—बोक्रो जलै गाँस्नु पर्छ।
निशासासले–सबलतामा फुलेकी ॥

(४)

चिसा छन् हवा– प्राणका छट्पटी झैं –
छ एकोहरो शङ्खको मृत्युनाद ॥
लहर घंटका छाल झैं ह्रन्निनाद।
चली एक क्षण– अल्पिंदा भुट्भुटी झैं ॥

(५)

शिखरमा शराब पोखियो स्वर्गबाट।
ती मर्मर पहाडको मिटी दूध रंग ॥
त्यहाँ जिन्दगी बादल टुक्रे सब अंग।
पिई दिव्य प्याला उज्यालो ललाट ॥

(६)

डुबाऊ—बगाऊ सबै सम्झना यी।
छ विस्मारक– प्रातप्याला विचित्र ॥
निशिध्वंसको स्तब्धता, लीन चित्र।
जहाँ लाल झर्ना छ यो पूर्वमाथि ॥

(७)

नवीले चुमे सभ्यताका गजूर।
सबै एक औंलो सरी रश्मि तिनको ॥
छ प्याला जहाँ लाल घटको गगनको।
त्यहाँ पार्छ आनन्दले खेद चूर ॥

(८)

हरीयो छ लहरा यो अम्लान बागे।

अँगूरी रुबी यो नमर्ने महारस ॥
जुनेली महाशान्तिको भित्री लसपस।
म ज्यूँदो बनी विश्व! यै आज मागें ॥

(९)

विचारका चुचा चीलका छन् मुटुफार।
कलेजा थुँगा सिर्जना छन् जगत्मा ॥
छ शीशाको घरमा घुसेको रगतमा।
उज्याला नयाँ त्यो छ चट्टान तपसार ॥

(१०)

भरी देऊ प्याला अमृतले म प्यूँछु।
बिजूली भैं "रोशन छ, यसको मिठास ॥
छ सागरसरी मत्स्यको स्वर्णभास।
यही विस्मृति स्वर्ग हो– यसमा ज्यूँछु ॥

(११)

सुनौला लिई अँकुशी दिन् शिकारी।
उडाई धुलो टापले चौथ दोगुन ॥
गुलाब रथमा आयो गजूर् मिर्ग पुरवन।
भरी चंकिदै दौडिए हेर भारी ॥

(१२)

जहाँ शिल्प गर्‍हुँगो महल ह्यूँ-सफामा।
पहल ज्योति कोमल छ दिनको नजारा ॥
सबेरा वहाँ काँसदाढी छ उज्जर।

जगज्जाल परीबन्दको ध्यान सभामा ॥

(१३)

त्यहाँ तीन रेख् भौं सिकुड्दा र पाका।
सिधा आँख छन्—कोट—ठेली हजार ॥
पका आँपको रंगको बुद्धिदार।
सबै तार तानिम ठिक– टुट्छ शाखा ॥

(१४)

गठीला दहरदार सिद्धान्त ठोक।
लहरले हवाको पगाल्दै बफाई ॥
पितलठोक लोहादंडवादको थकाइ।
तिनै भोग्दछन् काल हेरेर छाइ ॥

(१५)

छिटी राजनीति परी भुल्भुलैया।
छ ज्यूँदो कठिनताहरूले बेहाल ॥
छिपाई विकल चेत ती बल बलैया।
सधैं मास जोर छन् छुटी काँच जाल ॥

(१६)

कडा झञ्झटे, प्राणीमा हात हाली।
झूटो स्वर्ग धूमिल छ व्यक्तित्व ज्योति ॥
ती बाघ व्यक्तिको चक्रमा चाल खोली।
छ एकाहेरो मोलतोलको प्रणाली ॥

(१७)

त्यो झण्डाउपर स्वर्गको बोल आर्कै।
टिपी धोबिनीले जगत् यै जगाई ॥
सुनौला सुरा पोखिएको पिलाई।
भरी एक प्याला दिई आफ्नु घरकै ॥

(१८)

त्यहाँ छिर्विरे रङ्गको सेतो कालो।
निशा औ दिवा पङ्खवासी झझल्के ॥
अनि दिव्यता जो भई नाद झुल्के।
तिनैमा डुबी आत्मा भो प्रात-आलो ॥

(१९)

म जान्दिन त्यो झुत्रे ज्यापू जहाँ छ।
पहेंलो मुखे दूध दोहालु फाली ॥
"हः हः" मा सबेरी दिवसमुख के जाली।
विचार औ विश्वास बुन्दो वहाँ छ? ॥

(२०)

यो कर्तव्यदार जिउँदो छीटो बिजूली।
न बांगिन्छ, मिठो पुरातन परिश्रम ॥
बरु देवतामा छ अन्धोपना, दम।
यो ताजा छ—यो यै प्यूँछ वरपर भुली ॥

(२१)

परिश्रम शराप काँटा कोरा धरामा।

जहाँ रक्तका बिन्दुमा टल्किंदो छ ॥
वहीँ छर्छरे घाउ बिर्सी हुँदो छ।
यो मीठो कुनै एक प्रभाती सुरामा ॥

(२२)

प्रतिभा दिव्यता तापका रेणु खान्छन्।
प्रदर्शी शिरोबिन्दुका छन् विजोग ॥
छ प्याला जहाँ एक मध्यम छ योग।
जहाँ सर्वदाना सफा झल्कि जान्छन् ॥

(२३)

चुचुराहरू लाख बत्ती बनाई।
महाभोजमा सुन्दरी ती उषाले ॥
बनाएर बोरी महावृक्ष – जाले।
मलाई सुरा पोख्दछिन् खुशखुशाई ॥

(२४)

कुरा थोर बोलिन्छ संसारभित्र।
जो स्पन्दन सुराको त्यही हो अगाध ॥
बडा अल्पछन् वेद – यी लाख पात।
सुसेल्छन् – छ भाषा मुटुमै विचित्र ॥

(२५)

यिनै काँच प्याला भरींदा सुराले।
डुबी एक संसार आनन्द वर्ष्यो ॥
छ भुल्नु सबै स्वर्ग यो बुलबुल तर्स्यो।

यी जालीहरूका अनौठा कुराले ॥

(२६)

यो नीलम बटूको छ घोप्टो परेको।
हरीयो छ भट्टी मिठो भ्फाँगदार ॥
छ यौटा महातेज धारा प्रसार।
छ सिर्की उसैको सधैं वैरिएको ॥

(२७)

मदीराका धारामा सेता धधन्न।
जहाँ सातरंग फुट्दछन् भै तरंग ॥
छ खेल्दो अनौठा लहरदार अनंग।
परी कारचोपीहरूमा प्रसन्न ॥

(२८)

यहाँ एक अग्निचरो पिंजरामा।
सधै उड्छ धारा सुराका समाती ॥
जहाँ छन् हवा बादलहीन शुद्ध जाति।
बनी मूर्च्छ तन यो धरामा असाथी ॥

(२९)

मलाई भरीदेऊ तब दिव्य पाला।
यी मासूको ओठ सुक्दछन् रसविहीन ॥
त्यो मूर्च्छा मलाई छ जसमा प्रवीण।
महाप्रेम ती संभ्फिई दिव्य गाला ॥

(३०)

पुरातन सुरा—युगहरूले हजार।
परिपक्व शीतल बुबुल्के मिठास ॥
लिई लाल दिनको – जो उम्लिन्छ खास।
मलाई – बनेली सुनौला प्रकार ॥

(३१)

यो ज्वर च्याँठ संसारको छालदार।
विफल स्वप्नका हारका शूल ताज ॥
विचार बङ्ग खाडी ! महाफुङ्ग साज।
रिवाज रस्मको गाँजको दूर, पार ॥

(३२)

डुबाएर रक्सी पुरानो मिठोमा।
सबै चित् जुनेली बनेली मजामा ॥
महावृक्षको बुट्टे छिरविर ध्वजामा।
तिमी साथ द्यौ एक घडी यो भुटोमा ॥

(३३)

सदा वैसवाली फुलारू प्रसन्न।
नशाली कलीली, जुनेली, वनेली ॥
उजेली सुरामूर्ति आँखा सलीली।
हँसीली रहून् पार्श्वमा जून धन्य ॥

(३४)

भरी दोटा प्याला बडो लाल ज्वाला।

अँगूरी रुवीको, जुनेली छहारी ॥
लिई वृक्षको बुट्टाले छिरबिर भारी।
तरंगी "पिऊ" म पिऊँ प्रेम-वाला ॥

(३५)

त्यहाँ विश्वका सारा दौलत झझल्की।
रेगिस्तानका रेणुमा त्यो हराली ॥
सबै हानि बिर्साउँदो मोहजाली।
सरी बुट्टियोस् त्यो वदनमा टटल्की ॥

(३६)

म आनन्दवादी – डुबाएर काँढा!
गुलाबी शराबमा सुगन्धी जुनेली ॥
चिदुत्तेजक प्राय ती दाँत फेरी।
नशा मूर्च्छ पढ्नेछु यो विश्व टाढा ॥

(३७)

छ उद्यानको मार्ग काँढा छराउ।
भनी कुल्चनै पर्छ भन्छन् कुनै रे ॥
पिई अंगुरी मात्र कुल्चिन्छ जो रे।
दुखै निम्तिमा दुःख हो भ्रान्त भाउ ॥

(३८)

पशुदेखि संसारमा देवसम्म।
निरानन्दको मार्गमा बिच्किएर ॥
सदा दुःखदेखि बडो हप्किएर।

डुबाउविनाको चले ती अचम्भ ? ॥

(३९)

महाविस्मृति स्वर्ग पन्था बुझेर।
नशा मागियो दिव्यले त्यो डुबाऊ ॥
छ संसार जो बिसिर्नु नै सिकाउ।
मरुरेणुले पोल्दछन् मन कोरेर ॥

(४०)

उठेको छ झर्ना जहाँ त्यो हराली।
सबै खोज्दछन्– प्यूनको देव आस ॥
नवी मार्गले हड्डी सग्ला हलाश।
पुऱ्याए नशामा कतै ती चराली ॥

(४१)

नवीका मसीहाई झर्ना गुराँसे।
जहाँ झर्दछन् टाकुरामा वहाँ ॥
पुगेको बने पंख सीमा यहाँ।
लँघी तृप्तिले उच्चताको अकाशे ॥

(४२)

छ यो कर्कलो पात सस्तो दरिद्र।
यहाँ झल्झले छन् झिमिक जलकणा ॥
यही जिन्दगानी हवाको बुना।
रुनू धर्म हो – औ बाफिनु मुक्ति शुद्ध ॥

(४३)

हवा रुन्छ यो ठाउँ यौटा नपाई ।
यो अन्योलमा छट्पटाई सुसेली ॥
छ यल्लाई आँसु लताको कोसेली ।
यसै गर्दछन् प्राण रातबीच हाइ ॥

(४४)

नवाब पाँच छन् लाख आनन्दखोरी ।
नबन्ने बूढा घंटी तान्ने हमेशा ॥
अह्लाइ सधैं पाँच नोकर तमाशा ।
भोका-सधैंका जगत सब निचोरी ॥

(४५)

म भो जान्न भन्दै करैले समाई ।
अनौठा कुराले घिघिच्याएको ॥
पशुरूप ठूलो अहं तन्किएको ।
महा घाटमा हेर आँसू बहाई ॥

(४६)

सबै फूलका आँशू, कोरा गुलाबी, ।
सबै बेस हाँगाहरू भाँचिएका ॥
उजारबाग काँढाहरू साँचिएका ।
सबै छन् अबोल यातना हो प्रभावी ॥

(४७)

यो आत्मा छ दिलदार मासूलपेट ।

यहाँ संभ्कना एक शासन विशाल ॥
विफल क्षणहरूका सबै क्रूर काल।
सबैलाई पन्साउ– भो यी नभेट ॥

(४८)

भरी देऊ प्याला महाविस्मृतिको।
यही स्वर्ग हो दिव्य आनन्द जाल ॥
यही जित्छ संसार यो जित्छ काल।
यही चाल रोक्नेछ क्रूर यो गतिको ॥

(४९)

सराप्दा लिखा मृत्युका आँसु आँखा।
टटल्केर जो साँप जस्ता बिलाए ॥
शिशु पक्व दारिद्र्य, जो दुःख आए,।
भए एक नै बुद्ध तिनले चनाखा ॥

(५०)

यहाँ लाल जलले सबै होली खेल्छन्।
हरियो पृथिवीलाइ लाई अबीर ॥
सुतेको नयाँ वृष्णिकुल वीर वीर।
मुशलभ्कार जलका किनारका उखेल्छन् ॥

(५१)

यो परदेशमा क्यै चिनाजान छैन,।
बटोहीहरू धाक्किइन्छन् सडकमा ॥

सबै सर्पका ली गुजुल्टा भडकमा।
बडा फूर्ति गर्छन् कहीं वृक्ष छैन ॥

(५२)

यहाँ अङ्गुरी यो रुवी भट्टीभित्र।
सडक छेउमा क्लान्तलाई पिलाई ॥
मशीहाइ मिठो टुना एक आई।
"डुबाई" यही मोल लिन्छिन् विचित्र ॥

(५३)

सदा शेष भैं यो सडकमा अनंत।
फणामाथि प्राणी सतृष्ण प्रचर्छन्।
हवा जिन्दगी ध्येय छोटा विचर्छन्।
पसे भट्टीमा आँखाका छीटा सन्त ॥

(५४)

छ घर्षीरहेका नवीको जहाँ भीड।
न नङ्ग्री ऋचा औ सुरा जिन्दगीमा ॥
नशा भज रसिक धर्म्मको बन्दगीमा।
छ पस्दो यहाँ शुभ सीतारका मीड।

(५५)

कमीला हिंडाइ प्रबंध प्रताप।
जहाँ व्यक्तिको आँधिमा गड्बडिन्छ ॥
जहाँ सानु चीं स्वर्गमा चड्बडिन्छ, ॥
यहाँ हा! विधिको छ जाल अज्ञशाप ॥

(५६)

यो तुम्बी मगजको वुनौटले मलाई।
गिज्याएर लाचारीमा क्यै रहस्य ॥
अगाडिको देखाई कर्मै अवश्य।
प्रबंधी भनी लाटो पार्दो छ हाइ ॥

(५७)

यो मल माटो, हावा पानी र बादल।
अहंकार भै बीज माखो छ साँढा ॥
म भन्ने कुरा तौलिंदा बिभ्छ काँढा।
छ लच्कीरहेको जहाँ सागरका जल ॥

(५८)

सदा इज्जतैको बेइज्जत बनाई।
छ इच्छा समाजलाई उपहास गर्दो ॥
कुठारदेखि तर्सिन्छ जो आफू मर्दो।
अफाल्दो ढुङ्गाभरी यो जिलाइ ॥

(५९)

विलासीहरू भ्रूट आगाका ज्वाला।
बिछौना बनाएर त्यसमा रमाए।
छ हाँप्नु मजा लाख चीज नाथ बनाए।
ती बाँधाहरू बिच्छीका लाऊन माला ॥

(६०)

छ आनन्द आर्कै जहाँ हुन्छ प्याला।
खन्याइ जहाँ मुख छ तिनको उज्यालो ॥
अँध्यारो सडकमा सबै ढुङ्गा कालो।
छ एक भट्टीमा शान्तिको शीतल ज्वाला ॥

(६१)

बने बुट्टे मन्दिर ऋषि स्वप्नलाई।
महामूर्तिले जातिमा दी दिलासा ॥
त्यहाँ शंखले जीवको मूक भाषा।
ततर्सेर खोज्दो छ आर्कै स्वआशा ॥

(६२)

सबै खारिए स्वत्व यी भ्रान्ति तुल्य ॥
खली विश्वको विश्व सत्यै सुनाई ॥
प्रथम दाग राख्दो छ पृथ्वी मलाई।
बिबिर्साईमा तत्त्व सच्चा बनाई ॥

(६३)

तथापि यो आत्मा प्रथम नाद संझी।
छ सागरहरूबाट उर्लीरहेको ॥
अकाशमा चढी आफू कुर्लीरहेको।
रूँदै वर्षिदो लीन भै दाना संझी ॥

(६४)

हवा मन सबै विश्वचारी छ अन्त्य।
सधैं पग्लिंदी आँसु ने बन्न खोज्दो ॥

हराएको बाफकण खँदिलाइ रोज्दो।
रुनु धर्म जानी झरे साधु सन्त ॥

(६५)

न आँसु कुनै व्यक्तिको स्वार्थभावी।
स्वभावी भयो सत्यको एक दाना ॥
छ ईश अनौठा जगत्का यी पाना।
मा यौटा कुनै सत्य लेख्दो प्रभावी ॥

(६६)

न यो जोडले जान्छ वा करैले बलैले।
अनौठा छ सत् फूल ( ?) झैं एक बिजूली ॥
बुझेनन् ऋषिले सबै शास्त्र डुली।
रूँदा भन्दछन् मार्ग मिल्दो छ जलले ॥

(६७)

त्यो होला न होला भनी भूत वेला।
सबै छानबीनले प्रबन्धी भएर ॥
अडे मानव जगमा हरी जोड सहेर।
कुइराका वलवा सरी धाका जेल ? ॥

(६८)

कतै व्यक्तिले "त्यो" विना अन्त्यलाई।
नपाई घम्यो– एक कमजोरी भन्ने ॥
पछि आँसुमा मानियो जो न शून्य।
हुनै शक्तथ्यो यो चिदाकाशलाई ॥

(६९)

भए कल्पना यो छ जीवनको चित्र।
भए एक विश्वास लैजान सक्छ ॥
भए एक श्रद्धा सपारेर लग्छ।
छ सीतार रे स्वर्गमा एक विचित्र ॥

(७०)

मरुको हरीयालीमा मिर्ग तृष्णा।
भए आफ्नु आफै छ जल तृप्ति छाया ॥
अरूको सबै दिलबुझाइ हो माया।
छ चित्मा बगेकी शुनिवारि कृष्णा ॥

(७१)

सबै धर्मको खल्बली दूर सारी।
जहाँ लाग्छ जून त्यो शरद्मा सुधांबु ॥
पिलाऊ मलाई अमर रस दुधालु।
महावृक्षको छायामा भेट्छु प्यारी ॥

(७२)

बगैचा जहाँ यो छ एक पाठशाला।
वहाँ पढ्नु यत्ती छ काफी गुलाब-
हरूमा छ रेखा खुला दृक् किताब।
सबै विधाको रस छ यो मधुशाला ॥

(७३)

अनुभूतिमा स्वर्ण आकाश हाँस्यो।
किरणस्पन्द पाएर रक्सी प्रभाती ॥
अमृत भावमन्थन छ यो मिल्छ राती।
दिवाको निशामा स्मृति जब विनास्यो ॥

(७४)

सबै कट्टरपन्थी उताको उतामा।
वनी लाख सारौं जगत्मा कराए ॥
छ सच्चा शराब लाल बेदाग यहाँ ए।
यो प्यूने मजा यै किनारको छटामा ॥

(७५)

नडुब्ने मरे– डुब्नसक्ने छन् जिउँदा।
बेहोश स्वर्गको मार्ग हो दिव्य पन्था ॥
सतही होशमा सिल्मिले बन्छ कन्था।
यहीं डुब्नु प्यूनू यही स्वर्ग रहँदा ॥

(७६)

डुबेका कहीं उत्रिई आँखा लिन्छन्।
अँछारोको बाटो उज्यालो छ खासा ॥
नषोल्ने छ बेहोश अनंतैको भाषा।
नडुब्नेहरू चित्र हेरेर रुन्छन् ॥

(७७)

पहाडबाट यौटा कुँदी नीलम प्याला।
हरा भ्ँाग अम्लानको यो छहारी ॥

जुनेली हिउँको लिई टक निखारी।
रहेको छ आत्मा नयाँ रस विहारी ॥

(७८)

जहाँ जल लहरमा छ घामको झझल्को।
मिमिक झिल्ल चाल सुनौला र छोटो ॥
वहाँ सुख छ पानी उपर– बुद्धि मोटो।
सबै जल हटाएर घामतर्फ पल्क्यो ॥

(७९)

डुबाएर कौडाहरू रक्सीभित्र।
पगाली नयाँ रस मलाई चखाऊ ॥
जहाँ पूर्णको स्वादमा डुब्छ– नाउ।
कतै उत्रिई जन देशमा विचित्र ॥

(८०)

परी साँझ सारौंहरू बोल्न थाले।
अँध्यारो गिऱ्यो सूर्य डुब्छन् युगालु ॥
महाशून्यमा यो क्षितिजको तमालु।
कहाँ टक छ भन्दै नयाँ दृक् उचाले ॥

(८१)

यता अस्तको लालिमामा रुँदो यो।
सधैं एकतर्फी जगदृष्टिलाई ॥
नजर फर्किने तत्व केही नपाई।
अरू देख्छ केवल अँध्यारो ॥

(८२)

महाप्रेमले मृत्यु पारी अँगाली।
शशीलाई यौटा दियो दिव्य टक जो ॥
मसान विश्वको दिन्छ ज्यूँदो गरी त्यो।
अमृत एक नबोल्ने सबैतर्फ डाली ॥

(८३)

यहाँ छन् छेपारा सिकन्दर कहानी।
गधाको छ आसन जहाँ गादी बस्थ्यो।
कमीला प्रबन्धी छ च्याउछत्र खस्थ्यो
जहाँ कोटको फेर वहाँ कुइरो नानी ॥

(८४)

रुँदै फेंकी तरवार नामा बिजूली।
घुसे बदलीमा भूपतारा प्रतापी ॥
छ गौ चर्दी ती घाँसमा भ्याउँ रापी।
दिवसमा छ कीर्ति मलाई फजूली ॥

(८५)

पिंधी घट्टमा धर्मको तत्त्व सारा।
सदा जिन्दगानी भजी तर्सिएका ॥
महासाधु ज्ञानी र राजा शयैका।
चले भै विफल मृत्युको अज्ञहार ॥

(८६)

अफिंची पहेंलो तुसारो छ हात।

कताबाट ओर्लन्छ के आड पाई ॥
लहड के लिई ? दक्ष नाडी समाई ।
सिकुडभौं विचारी छ कुइरोको काक ॥

(८७)
छ जो आत्मवादी छ नाङ्गो र फुङ्गो ।
सबै जिन्दगीलाई ताछी बिगार्छ ॥
झिकी प्याज छिल्का जगत् जो तछार्छ ।
म दर्शनका साङ्लाहरुमा छु बाङ्गो ॥

(८८)
भजे प्रकृति नाउ गङ्गा बहाउ ।
हरुमा प्रयास हीन वहना निदाइ, ॥
त्यसै झर्छ झन् झन् तलै आफूलाई ।
डुबाएर क्षण क्षण निदाई स्वभाउ ॥

(८९)
सबै बाग यी बिग्रिए हेर्विचार-
हरू छाडिंदा कीटका वास बन्दै,॥
मरु बालुवा ढाक्न खोज्छन् निफन्दै ।
प्रकृत शक्तिले पार्छ गतमा उजार ॥

(९०)
बडो बुद्धिशाली गरुँ बाग-चाल ।
भनी जो अदब तत्त्वमा अग्रशील ॥
प्रकृत चालमा वक्रताले विकील ।

बिगार्छन् कहीं वृक्षको बागजाल ॥

(९१)

यसै भन्नलाई कठिन यो जगत्मा।
फलामे र ढुङ्गे सफा दाँतद्वारा ॥
लगाएर जीवनमा क्यै हाराबार।
भए दंडवादी मुछिंदा रगतमा ॥

(९२)

म यी सम्झनालाई रक्सी पिलाई।
महातत्त्व बेहोशको शुद्ध लिन्छु ॥
अँगाली तिनीलाई आत्माले रुन्छु।
यहाँ चाहियो एक प्याला मलाई ॥

(९३)

मुमा प्रकृति दूध जसको छ हाम्रो।
हवाले लपेटेर जीवन बनाई ॥
भरी व्योममा तारका आँसु हाई।
महाक्रूर लाचारीमा हुन्छिन् चाम्रो।

(९४)

यो थर्की छ जो चारकूने चार दिशाको।
दिवा औ निशाको घरै भित्र चाली ॥
सबै प्राणी गोटी अजान वैर पाली।
लडाएर मार्दो छ पासा विधिको ॥

(९५)

यहाँ पूर्ण पूजा छ मानव तलामा ।
महावीरका हामी भेडा बनेर ॥
नचल्दा बढी घर्ष बिग्रन्छ धेर ।
पशु पशुपतिको यो बात भलामा ॥

(९६)

तथापि यो आत्मा उज्यालो विनाले ।
सधैं दुःख पाई रुमल्नेछ सारा ॥
छ यल्लाई चाहा कुनै दिव्य तारा ।
दिने दिव्य संतोष यौटा टुनाले ॥

(९७)

छ मोचन महातत्त्व बेहोश साकी ।
म प्याला हुँदामा भरा डब्डबाई ॥
दुवै पाना साकी बनी जगमगाई ।
नयाँ पंखले उड्छु संसार बोकी ॥

(९८)

सधैं घोप्टियोस् प्रेमले लाल प्याला ।
पिएको अनी फेरि प्रेमले भरेर ॥
दिनेछौ तिमी सुन्दरी दिव्य हेर ।
उठाई लिनेछु म घटघट– मसाला ॥

(९९)

यो झाडी हरीया सधैं हुन्छ प्यारी ।

सदा घोप्टिनाको छ प्याला मिठास ॥
सधैं घोप्टिनाले भरोको छ आश।
यही एक मुख दिल जून ऐना फुकारी ॥